# आर्थिक वर्ष २०८०/०८१ को
# वार्षिक नीति तथा कार्यक्रम

## पोखरा महानगरपालिका

मिति : २०८० आषाढ १० गते
पोखरा सभागृह

CS CamScanner

**पोखरा महानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**१३ औँ अधिवेशन**

**आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम**

पोखरा महानगरपालिकाका उपप्रमुख ज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, नगर सभाका सदस्य ज्युहरु, पोखरा महानगरपालिका नगर सभाको १३ औँ अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

पोखरा महानगर प्रमुखको रुपमा आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु । सर्वप्रथम इतिहासका विभिन्न कालखण्डहरुमा भएका राजनीतिक परिवर्तन तथा आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरू प्रति उच्चसम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यसैवर्ष काठमाण्डौबाट पोखरा आउँदैगरेको यति एयरलाइन्सको विमान पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अवतरणका क्रममा सेतिखोँचमा दुर्घट्ना हुदाँ दिवंगत हुनुभएका स्वदेशी तथा विदेशी महानुभावहरु, वडा नं.४ का वडासदस्य सन्जय कुमार श्रेष्ठ र काम गर्ने क्रममा ज्यान गुमाउनु भएका कर्मचारी मुसाफिर दास तत्मा प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

नेपालको संविधानले मुलुकलाई एकात्मक राज्य व्यवस्थाबाट संघीय प्रणालीमा रूपान्तरण गरेसँगै सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत निर्वाचित जनप्रतिनिधिहरूले कार्यभार समालेको छ वर्ष पूरा भएको छ । संवैधानिक व्यवस्था अनुसार तीन तहको सरकार मध्ये पोखरा महानगरपालिका क्षेत्रफलका हिषावले सबैभन्दा ठुलो स्थानीय तहको रूपमा क्रियाशील छ । **'समुन्नत पोखरा'** निर्माण गर्ने लक्ष्यका साथ यसअघि थालिएका असल अभ्यासहरूलाई अनुसरण गर्दै **"समुन्नत पोखराको आधार, सवल अर्थतन्त्र र पूर्वाधार"** भन्ने नाराका साथ हामी अगाडी बढिरहेका छौँ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएसँगै संचालनमा ल्याउन अत्यावश्यक थियो । यो समग्र पोखराका निम्ती प्रतिष्ठाको विषय पनि हो । विमानस्थल संचालनका लागि चुनौतीका रुपमा रहेको पोखरा-१४, बाच्छेवुडुवा स्थित ल्याण्डफिल्ड साइड तत्कालै स्थानान्तरण गरि पोखरा-३२, लामेआहालमा अस्थायी ल्याण्डफिल्ड साइड सञ्चालन गरिएको छ । साथै फोहोर मैलाको दिगो व्यवस्थान योजना सहित पोखरा-३३, उपल्लो पुँडिटारमा अत्याधुनिक प्रविधिमा आधारित फोहोर प्रशोधन केन्द्र स्थापनाको प्रक्रिया सुरु गरिएको छ ।

सरकारको उपस्थिति नागरिकलाई प्रवाह गर्ने सेवाबाट अनुभूत हुन्छ । यसै तथ्यलाई आत्मसाथ गर्दै महानगरपालिकाबाट प्रवाह गरिने सेवाहरुलाई ११ वटा विषयगत काउन्टरहरु संचालनमा ल्याइ सहज, छिटो, छरितो, पारदर्शी र नागरिकमैत्री सेवा प्रवाहका लागि **'एकद्धार प्राणाली'** संचालनमा ल्याइएको



CS CamScanner

छ । साथै  सेवाका सम्बन्धमा सेवाग्राहीहरुको गुनासो सुन्ने र तत्कालै सम्बोधनका लागि समय नलिकन आउनुभएका महानुभावहरुका लागि महानगर प्रमुखसँग प्रत्यक्ष भेटघाटका लागि दैनिक १ घण्टाको समय निर्धारण गरिएको छ, भने अन्य विषय सहितको भेटघाट, राय, सल्लाह र परामर्श लगायतका कामहरुलाई तदारुकताका साथ सम्पादन गरिएको छ । हाल महानगरपालिकामा टोल फ्री नम्बर ११८१ सहित **'हेलो मेयर'** सेवा समेत संचालनमा रहेको छ ।

करिब ३ अर्व रुपैयाँको लागतमा बहुप्रतिक्षित तालचोक बेगनास नमुना सडक विश्व बैङ्कको सहयोगमा निर्माण कार्य यसै वर्षबाट द्रुत गतिमा अगाडी बढेको छ भने, कोत्रे दोविल्ला हुँदै बिरौटा जोड्ने वैकल्पिक राजमार्ग (वाइपास रोड) स्तरोन्नतिको काम सुरु भएको छ । एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित क्षेत्रीय सहरी विकास तथा जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत रु.७ अर्व ५० करोड लागतमा दिगो पर्यटन विकास परियोजना सञ्चालनको प्रक्रिया सुरु भएको छ । **ग्रिन सिटी क्लिन सिटी** अवधारणाका साथ कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोगसँगको सहकार्यमा रु.६ अर्व लागतको हरित यातायात प्रणाली विकास कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ । जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा चारवर्ष भित्र सम्पन्न गर्ने लक्ष्यका साथ रु.११ अर्व बराबरको लागतमा ढल निकास तथा फोहोर पानी प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनको लागि विज्ञ प्राविधिकहरु मार्फत डिजेटल डिजाईनको काम सम्पन्न भैसकेको छ भने, परियोजना सुरु हुने चरणमा रहेको छ । यसैवर्ष पोखराको एकीकृत पर्यटकीय गुरुयोजना निर्माण गरी आपसी सहयोग र सहकार्यमा कार्यान्वयन गर्न महानगरपालिका, नगर विकास कोष र नेपाल पूर्वाधार विकास बैङ्क ( निफ्रा) बिच समझदारी भएको छ ।

महेन्द्रपुलमा गैरआवासीय नेपाली संघ (एनआरएनए) को सहयोगमा चमेनागृह सहितको अत्याधुनिक सार्वजनिक शौचालय र लायन्स क्लब इन्टरनेशनलको सहयोगमा अन्तर्राष्ट्रिय झन्डा पार्क निर्माण अन्तिम चरणमा पुगेको छ । उज्यालो पोखरा अभियान अन्तर्गत महानगरका २३ मुख्य चोकहरूमा हाइमास्ट लाइट जडान गरिएको छ । यस अभियान अन्तरगत १९ सय बढी स्मार्ट सडक बत्तीहरू जडान भई सञ्चालनको अन्तिम प्रक्रियामा रहेका छन् । पहिलो चरणमा महानगरको मुख्य सहरी क्षेत्रको २० कि.मि सडकमा विद्युत, टेलिफोन, अप्टिकल फाइबर लगायतका तारहरू भूमिगत गर्ने प्रक्रिया सुरु गरिएको छ ।

महानगरपालिका र युवा स्वरोजगार कोषको संयुक्त लगानीमा साना उद्योगी तथा व्यवसायीहरूलाई सहुलियत पूर्ण कर्जा प्रदान गर्न ग्रिन डेभलपमेन्ट बैङ्कसँग सम्झौता गरि कार्यान्वयन गरिएको छ । महानगर अन्तरगत व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना गरी युवा, महिला तथा लक्षित समूहलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिएका छन् । यसलाई आगामी दिनमा थप विशिष्टीकृत गर्दै लगिने छ । कृषकहरूद्वारा उत्पादित सामग्रीहरू उत्पादन स्थलबाटै सङ्कलन गरी सहरी क्षेत्रका कृषि बजारहरूसम्म पुर्‍याउनका लागि चिस्यान सुविधा सहितको कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको छ । चालु आर्थिक वर्षमा पुर्वाधार विकास, शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन विकास लगायतमा उल्लेखनीय उपलब्धीहरु हासिल भएका छन् ।



CamScanner

न्यायिक समितिमा चालु आर्थिक वर्ष २०७९/०८० मा विभिन्न प्रकारका १६१ विवादहरू दर्ता भएकामा १२१ वटा विवादहरूको निरूपण/फैसला भई मेलमिलाप भएको छ । विवाद कानुन तथा मुद्दा शाखा एवं कानुनी परामर्श कक्षा मार्फत १२२ वटा विवादहरू मध्ये ८० वटा विवादहरू समाधान भई बाँकी ३२ वटा विवादहरू प्रक्रियामा रहेका छन् । जस मध्ये ८ वटा विवाद समाधानका लागि सम्बन्धित निकायमा जानका निम्ति सुझाई पठाइएको छ ।

पोखरा महानगरपालिकाको सर्वेक्षण अनुसार महानगरको कुल आय (ग्रस म्युनिसिपल प्रडक्ट) आ.व. २०७८/०७९ को रु.१ खर्ब २० अर्ब ८६ करोड बाट ४.३१ प्रतिशतले वृद्धि भई आ.व. २०७९/०८० मा रु.१ खर्ब २६ अर्व ७ करोड पुगेको अनुमान गरिएको छ । जसअनुसार महानगरको प्रतिव्यक्ति औसत आय वार्षिक रु.२ लाख ४५ हजार ५ सय २४ रहेको छ भने, अमेरिकी डलरमा १ हजार ८ सय ८८ रहेको अनुमान गरिएको छ । यस्तो आय गत आ.व.मा १८ सय ८३ अमेरिकी डलर रहेको थियो ।

महानगरको आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकारको १५ औँ आवधिक योजना र दिगो विकासका लक्ष्यहरू, सन् २०४५ सम्म खुद शून्य कार्बन उत्सर्जनको अवस्थामा पुग्ने रणनीति, सन् २०३० सम्म मध्यम आय भएको मुलुकमा स्तरोन्नतिको मार्ग चित्र लगायत जलवायु परिवर्तनका प्रतिकुल असरहरूलाई न्यूनीकरण गर्ने योजनाहरूका उद्देश्य र लक्ष्यहरुलाई मार्गदर्शनका रूपमा लिइएको छ । यसै गरी लैङ्गिक समानता र सामाजिक न्यायका सर्वमान्य सिद्धान्तहरू तथा नेपाल सरकारका नीति तथा रणनीतिहरूलाई आत्मसात् गरिएको छ । साथै संघ तथा प्रदेश सरकारका तर्फबाट हालै घोषित वार्षिक नीति, कार्यक्रम तथा बजेट र महानगरको आफ्नै दीर्घकालीन सोच, रणनीतिक योजना, प्रथम आवधिक योजना, मध्यम कालिन खर्च संरचना लगायतका योजना तथा रणनीतिहरूद्धारा परिलक्षित लक्ष्यहरू हासिल गर्न यो नीति तथा कार्यक्रम केन्द्रित रहनेछ ।

**अव म, यस सम्मानित सभा समक्ष आगामी आ.व २०८०/०८१ को नीति तथा कार्यक्रमका मार्ग निर्देशक सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. महानगरपालिकाले तर्जुमा गरेको त्रिवर्षीय आवधिक योजनाको समयावधि आ.व.२०८०/८१ मा सकिने भएकाले आगामी आ.व.भित्र स्थलगत विशेषतामा आधारित दोस्रो आवधिक योजना तर्जुमा गर्ने ।

२. महानगरपालिकाले चालु आ.व. देखि मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । आगामी आ.व.को लागि पनि आवधिक योजनाले राखेका लक्ष्य, उद्देश्य र प्राथमिकतामा आधारित भई मध्यम कालिन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने ।



CS CamScanner

३. आयोजना बैङ्कको अवधारणालाई अनिवार्य रूपमा कार्यान्वयनमा ल्याउने । यसका लागि सम्भाव्य आयोजनाको पहिचान, विश्लेषण र सूचीकरण सम्बन्धी प्रक्रियागत व्यवस्थाहरू बारे कार्यपालिका तहमा समेत थप छलफल गरी बुझाइमा एकरूपता कायम गर्ने ।

४. वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियालाई सहभागितामूलक र प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम छनोटमा केन्द्रित गर्ने गरी उपलब्ध स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।

५. महानगरपालिकाले आगामी आ.व. देखि आयोजना, कार्यक्रम तथा क्रियाकलाप छनोट गर्दा हरित, उत्थानशील तथा समावेशी विकास अवधारणालाई आधार लिने र योजना तथा बजेट तर्जुमा सम्बन्धी क्यालेन्डर तयार गरी कार्यान्वयन गर्ने ।

६. महानगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा संस्थागत क्षमताको विकास गर्दै लैजाने ।

७. महानगरपालिकाको आन्तरिक स्रोत अभिवृद्धि गर्दै स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना, खरिद योजना र आयोजना सुपरिवेक्षण तथा अनुगमन प्रणाली थप प्रभावकारी बनाई वित्तीय सुशासनलाई थप सुदृढ बनाउने ।

**अब म पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि तय गरेका क्षेत्रगत नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**महानगरको समष्टिगत कार्यदिशा :**

१. **"समुन्नत पर्यटकीय पोखरा"** को दीर्घकालीन सोच अनुरूप पोखरा महानगरलाई स्वच्छ, सफा, सुरक्षित, सभ्य र आधुनिक सहरको रूपमा विकास गर्ने लक्ष्य हासिल गर्न तदनुरूप मार्गचित्र, महानगर गुरुयोजना, आवधिक योजना र क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरिनेछ ।

२. पोखरा महानगरपालिकाको सहरी योजना आयोगको कार्य योजना तयार भएको छ । उक्त कार्य योजनालाई समयवद्धरूपमा कार्यान्वयन गर्न सहरी योजना आयोगलाई पूर्ण क्षमतामा परिचालन गरिनेछ ।

३. विकास आयोजनाहरू निर्धारित समयमै सम्पन्न नहुने (Time Overrun) र तोकिएको भन्दा बढी लागत लाग्ने (Cost Overrun) अवस्था न्यूनीकरण गर्न आयोजनाको प्रारम्भिक चरण देखिनै सजगतापूर्वक आवश्यक रणनीति अवलम्बन गरिनेछ ।

४. पोखरा महानगर पालिकाको लक्ष्य, उद्देश्य र प्राथमिकता अनुरूप संघ, प्रदेश र दातृ निकायको सहकार्यमा आयोजना सञ्चालन गर्न तहगत तथा निकायगत सहयोग, समन्वय र सहजीकरणलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

५. पोखरा उपत्यकालाई सबै प्रकारका विपद् जोखिमबाट सुरक्षित गर्न विपद् व्यवस्थापन सम्बन्धी रणनीति तथा योजना निर्माण गरी समन्वयत्मक रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।



CS CamScanner

६. समृद्ध पोखराका मुख्य संवाहक (Key Drivers of Prosperous Pokhara) को रूपमा रहेका पर्यटन, पूर्वाधार विकास, मानव संसाधन विकास, उद्यमशीलता र सुशासनलाई केन्द्र विन्दुमा राखी तदनुरूप नीति योजना र कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

७. नेपाल सरकारबाट पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न अनुरोध गर्दै समग्र पोखराको समुन्नत पर्यटकिय पोखरा निर्माणका लागि टप टु बटमको एप्रोच लागु गरिनेछ ।

**संस्थागत विकास तथा सुशासन तर्फ :**

१. कर्मचारी प्रशासनलाई सक्षम, सुदृढ, सेवामूलक, प्रतिस्पर्धी, उत्तरदायी, छिटोछरितो र नतिजा मूलक बनाउँदै कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

२. कार्यालयको सेवा प्रवाहमा लागु गरिएको एकद्वार प्रणालीलाई थप विकास र सुदृढ गरिनेछ । हरेक वडामा गुनासो सुनुवाइको व्यवस्था मिलाइनेछ । हेलो मेयर सेवालाई थप प्रभावकारी बनाउँदै सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ ।

३. महानगरपालिकाको चालु खर्चलाई निश्चित सीमा भित्र राखिनेछ । पुँजीगत खर्च बढाउने विषय प्राथमिकतामा राखिनेछ ।

४. भुक्तानी प्रणालीलाई सरलीकृत गर्दै इ एफ टी प्रणाली पूर्ण रूपमा अवलम्बन गरिनेछ ।

५. पोखरा महानगरपालिका राजश्व शाखाको संस्थागत सुदृढीकरण गरिनेछ । राजश्व सङ्कलनको दायरा विस्तार गर्दै असुलीको दर वृद्धि गर्न घुम्ती सेवा मार्फत घरदैलो व्यवसाय दर्ता र कर सङ्कलनको व्यवस्था मिलाइनेछ ।

६. महानगरपालिकाका महाशाखा, शाखा तथा वडाहरूको सेवालाई प्रविधिमैत्री बनाइने छ । कर प्रशासनलाई सरलीकृत गर्दै आगामी आ.व २०८०/८१ देखि अनलाइन प्रणाली मार्फत कर सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ ।

७. न्याय सम्पादनमा सूचना प्रविधिको प्रयोग गर्दै न्यायिक काम कारबाही तथा विवादको निरुपणको गुणस्तरीयता अभिवृद्धि गरिनेछ ।

८. न्यायिक उत्तरदायित्व र जबाफदेहिता अभिवृद्धि गर्न न्यायिक प्रक्रिया सरलीकृत गरी मेलमिलाप निर्देशिका तथा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. मेलमिलाप मार्फत विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई वडा तह सम्म प्रभावकारी बनाइनेछ ।

१०. न्यायिक काम कारबाही बारे विद्यार्थीहरु बिच सुसूचित गराउने कार्यक्रमलाई आगामी आ.व २०८०/८१ सम्म निरन्तरता दिइनेछ ।

११. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरिने छ । महानगरपालिकाको सेवा प्रवाह र सङ्गठन व्यवस्थापनको लागि सुशासन प्रवर्द्धन समितिलाई थप सक्रिय बनाइने छ ।



CS CamScanner

१२. महानगरपालिकामा कार्यरत स्थायी बाहेकका कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लैजाने नीति लिइने छ । स्थायी कर्मचारीहरूको साबिक बमोजिमको सुविधालाई निरन्तरता दिइने छ ।

१३. महानगरपालिकाको सेवालाई विकेन्द्रित गर्दै महानगर केन्द्रदेखि टाढाको दुरीमा रहेका क्षेत्रहरुको सेवाका लागि एकीकृत सेवा केन्द्र सञ्चालन गरिनेछ । महानगरको स्वास्थ्य महाशाखा र शहरी योजना आयोगको कार्यालय साविक लेखनाथ नगरपालिकाको कार्यालय भवनमा राखी सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ।

१४. विजयपुर पारिको महानगर क्षेत्रलाई पायक पर्ने गरी एक दमकल र एक एम्बुलेन्स सोही क्षेत्रमा रहने व्यवस्था मिलाईने छ ।

१५. कर्मचारीहरूको आन्तरिक सरुवा प्रणालीलाई ज्येष्ठता, योग्यता, क्षमता, आवश्यकता र एउटै जिम्मेवारीमा काम गरेको समयलाई आधार बनाई सरुवा तथा पदस्थापन गर्ने नीति लिइने छ । सरुवालाई अनुमान योग्य बनाइने छ ।

१६. वडा स्तरको कार्यक्रम वडाबाटै सम्पादन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१७. वडा भवन निर्माण गर्न बाँकी रहेका वडा कार्यालय भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ । साथै महानगरपालिकाको प्रशासकीय भवन र प्रमुख प्रशासकीय अधिकृत आवास निर्माण कार्य यसै आ.वबाट सुरु गरिने छ ।

१८. ठुला लगानीका योजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाइने छ । जनताको चासो, गुनासो र सुझाव प्राप्त गर्न सार्वजनिक सुनुवाइ कार्यक्रम गरिने छ ।

१९. कर्मचारीहरूको वैयक्तिक अभिलेख प्रणाली (PIS) लाई अध्यावधिक गरिने छ ।

२०. महानगरपालिकामा रहेका पुराना प्रयोगमा नरहेका भारी उपकरण लगायतका पुराना प्रयोगमा नआउने सामाग्रीहरू लिलाम बिक्री गरी भण्डार प्रशासनलाई छरितो र चुस्त बनाइने छ ।

२१. महानगरपालिकाको महाशाखा, शाखा र वडाको कार्य बोझ, कार्य प्रकृति र कार्य विशिष्टताको आधारमा सङ्गठन र व्यवस्थापन सर्वेक्षण (ओ एण्ड एम सर्वे) प्रतिवेदन अनुरुप संगठन पुर्नसंरचना गरी लागु गरिने छ ।

२२. सार्वजनिक सम्पत्तिहरूको अभिलेख तयार गरी डिजिटल सम्पत्ति व्यवस्थापन प्रणालीमा आबद्ध गराई नियमित मर्मत सम्भार तथा संरक्षणको व्यवस्था मिलाइने छ ।

२३. एसिया प्रशान्त क्षेत्रमा दिगो विकासका लागि सहरी सरोकारवालाहरूको सङ्गठन (सिटी नेट) लगायत अन्य विभिन्न विकास साझेदार, दातृ निकाय र भगिनी सम्बन्ध कायम भएका सहरहरूसँगको सम्बन्ध र सहकार्यलाई थप प्रगाढ बनाउँदै लगानी आकर्षण, प्रविधि हस्तान्तरण र सिकाई आदान प्रदानलाई प्रवर्द्धन गरिने छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :**



CamScanner

२४. महानगरपालिका क्षेत्र भित्र रहेका सबै प्रकारका वनहरूको संरक्षण, सर्वर्द्धन र उपयोग गर्न कार्ययोजना तयार गरी लागू गरिनेछ । निजी क्षेत्रसँगको सहकार्यमा वन पैदावार मूल्य अभिवृद्धि लक्षित उद्यमहरूको प्रवर्द्धन गरी रोजगारी र आय आर्जनमा वृद्धि गरिनेछ ।

२५. वनक्षेत्र अतिक्रमणलाई निरुत्साहित गर्दै वन डढेलो, जथाभाबी कटान र अन्य कारणबाट हुने वन विनाश नियन्त्रण गर्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२६. विकास निर्माण लगायतका कार्यबाट हुने भू-क्षय नियन्त्रणमा जैविक इन्जिनियरिङ प्रविधिको प्रयोग गर्दै लगिनेछ ।

२७. जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्रियाकलापलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथाम गरिनेछ ।

२८. पूर्वाधार विकासका लागि आवश्यक पर्ने नदीजन्य सामाग्रीको अनियन्त्रित दोहनबाट भौतिक संरचना तथा मानव बस्तीमा परेको असर न्यूनीकरण सहित रोकथाम तथा नियमित र सहज आपूर्ति सुनिश्चित गर्न सार्वजनिक निजी साझेदारीमा सेति नदि सहित अन्य नदि तथा खोलाहरुमा स्थायी ड्याम निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

२९. विकास परियोजना सञ्चालन पूर्व वातावरण सम्परीक्षण (GRID Check List) विधि मार्फत आयोजनाहरूको वातावरणीय असर अनुमान गर्ने प्रणाली अवलम्बन गरिनेछ ।

३०. विपद् पूर्व तयारी, जोखिम आंकलन, जोखिम पूर्व चेतावनी, विपद् प्रतिकार्य तयारी तथा विपद् न्यूनीकरण र पूर्नःलाभका क्रियाकलापहरू समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ । विपद् पश्चातको क्षतिपूर्ति, पूनर्भरण, राहत व्यवस्थापन र पूननिर्माणका लागि बिमा लगायत जोखिम हस्तान्तरणका सम्भाव्य उपायहरूको अवलम्बन गरिनेछ ।

३१. वि.स.२१०० सम्म पोखरालाई कार्बन तटस्थ सहर बनाउने लक्ष्य अनुरुप तर्जुमा भएको कार्बन तटस्थ रणनीतिक कार्ययोजना क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

३२. फोहोरलाई स्रोतमै वर्गीकरण, पूर्नप्रयोग र प्रशोधन गर्ने अवधारणमा पिपिपि मोडलमा अत्याधुनिक फोहोर प्रशोधन केन्द्र स्थापना र संचालन गरिने छ ।

३३. ४० माईक्रोन भन्दा कम मोटाइका प्लास्टिक झोलाहरूको प्रयोगलाई पूर्ण प्रतिबन्ध गर्ने नेपाल सरकारको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । अफिस र सार्वजनिक स्थलहरुमा बोत्तलको पानीको सत्ता जग र ग्लासको व्यवस्था गरि प्लाष्टिक बोत्तल प्रयोगलाई निरुत्साहन गर्ने नीति लिईनेछ ।

३४. एक पटक मात्रै प्रयोगमा आउने प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहन गर्दै सार्वजनिक स्थल तथा पानीका स्रोतहरूमा विसर्जन तथा जलाउने कार्यलाई निषेध गर्न र प्लास्टिकको वैकल्पिक प्रयोगलाई प्रोत्साहन गर्न कार्यविधि तजुर्मा गरी लागु गरिनेछ ।

३५. तिन तला भन्दा माथिका सबै भवनहरूमा अनिवार्य रुपमा अग्नि नियन्त्रण प्रणाली जडान गर्नुपर्ने व्यवस्था गरिनेछ ।



CS CamScanner

३६. कार्बन उत्सर्जन न्यूनीकरण गर्दै आयातित ग्याँस प्रतिस्थापन गर्न विद्युतीय चुलोको प्रयोग बढाउने नीति लिइनेछ । त्यसका लागि समुदायमा जनचेतना अभिवृद्धि गर्दै विपन्न तथा सिमान्तिकृत परिवारलाई विद्युतीय चुलो खरिदमा अनुदानको व्यवस्था मिलाइनेछ ।

३७. एक घर दुई बिरुवा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै वृक्षारोपण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ । आ.व.२०८१/०८२ भित्र दुई लाख वृक्षारोपण गर्ने गरी हरित पोखरा निर्माणका लागि **क्लिन पोखरा ग्रिन पोखरा** परियोजना सञ्चालन गरिनेछ ।

३८. अन्नपूर्ण हिमश्रृखंला लगायतका हिमाल सफाइ अभियानमा सहकार्य र साझेदारी गरिनेछ ।

**पर्यटन तर्फ :**

**"समावेशी आर्थिक विकासको आधार हरित अर्थतन्त्र तथा उत्थानशील सहर"** को अवधारणा सहित **"पर्यटनको राजधानी सहर, पोखरा महानगर"** को मान्यता स्थापित गर्न देहायबमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

३९. पर्यटन क्षेत्रलाई पोखराको विकासको प्रमुख संवाहकको रूपमा जोड दिँदै नयाँ पर्यटकीय वस्तु, सेवा र गन्तव्यहरूको विकास र प्रवर्द्धन  गरिनेछ ।

४०. **'चलिए पोखरा', 'ओमेन झाओ बा पोखरा', 'जाऊ है पोखरा'** जस्ता नारा सहित छिमेकी मुलुकका पर्यटन गन्तव्यका प्रमुख पर्यटन बजारमा नेपाली तथा पोखरेली पर्यटनको प्रचार, प्रसार र प्रवर्धन गरिने छ ।

४१. पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्र समेटेर एकीकृत रूपमा पर्यटनको विकास र विस्तारमा जोड दिइनेछ ।

४२. पर्यटकीय स्थलहरूको पहिचान, विकास तथा विविधीकरण गर्न सरोकारवाला पक्षहरू, निजी र सहकारी क्षेत्रसँग सहकार्य र साझेदारी विकास गर्ने नीति लिइनेछ ।

४३. पर्यटकीय उपजलाई मूल्य श्रृंखलामा आबद्ध गर्न समुदायमा आधारित ग्रामीण तथा होमस्टे पर्यटनको विकास गर्दै ग्रामीण तथा सहरी अर्थतन्त्रलाई जोडिनेछ ।

४४. पोखरा-६, लेकसाइड क्षेत्रमा सवारी व्यवस्थापन र रात्रिकालीन व्यवसाय नियमनका लागि उचित कार्यविधि तजुर्मा गरी कार्यान्वयन गरिनेछ । पोखराको लेकसाइड क्षेत्रलाई २४ सै घण्टा खुला गर्न पहल गरिनेछ ।

४५. पोखराको  राष्ट्रिय तथा  अन्तर्राष्ट्रिय बजारमा पहिचान र प्रवर्द्धन गर्न उपयुक्त सञ्चार सामाग्री, पर्यटन वस्तु एवं सेवाको विकास र प्रचार प्रसारमा जोड दिइनेछ ।

४६. बेगनास ताल लगायतका तालहरूमा सम्भाव्यता अध्ययनका आधारमा Water sports संचालन गर्ने कार्यक्रमलाई अघि बढाइने छ । साहसिक पर्यटन र ट्रेकिङलाई प्रभावकारी बनाउन छिमेकी पालिकाहरुसँग सहकार्य गरिनेछ ।



CS CamScanner

४७. पोखराको पुरानो बजार क्षेत्रका पुरातात्विक सम्पदा निजी घर र सार्वजनिक स्थलहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी **सम्पदा पर्यटकीय स्थल**को रूपमा विकास गरिनेछ ।

५८. फेवाताल संरक्षणमा सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । यसको अतिरिक्त फेवा, बेगनास, रुपा लगायत रामसार सूचिमा सूचिकृत तालहरूको जलाधार तथा सिमसार क्षेत्रको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. पर्यटन प्रवर्धन गर्न 'रोपाई महोत्सव', 'स्ट्रिट फेस्टिभल', 'ड्रागन बोट रेस फेस्टिभल', 'फुड फेस्टिभल', 'माइस (MICE) टुरिजम', 'कोसेली घर', 'हेमजा कृषि महोत्सव', 'लेखनाथ महोत्सव', 'पोखरा महोत्सव' र प्याराग्लाइडिङ प्रतियोगिता लगायत अन्य मेला महोत्सवहरूहरुको विस्तार तथा प्रभावकारी व्यवस्थापनका लागि प्रोत्साहन गरिनेछ ।

५०. पर्यटन सम्बन्धी सूचनाहरूलाई डिजिटाइजेसन र थप प्रभावकारी बनाई पर्यटकीय सूचना केन्द्रलाई व्यवस्थित गरिनेछ । आगामी दुई वर्षभित्र पोखरा-९, पृथ्वीचोकमा पर्यटन सुचना केन्द्र, वाचनालय, घण्टाघर र सार्वजनिक पुस्तकालय रहने गरि पोखरा भवन (कोसेली घर) निर्माण गरिनेछ ।

५१. महानगरको पर्यटकीय गन्तव्य, साइकल मार्ग र पदमार्गहरूको विस्तृत अभिलेख तयार गरी नक्साङ्कन गरिनेछ । पर्यटन प्रवर्द्धन र विकास गर्न पर्यटन क्षेत्रसँग सम्वद्ध संघसंस्था, नेपाल पर्यटन बोर्ड र अन्य निकायसँग साझेदारीमा विभिन्न कार्यक्रम बनाई लागु गरिनेछ ।

५२. सार्वजनिक निजी साझेदारी अवधारणामा पार्क, फोहोरमैला प्रशोधन केन्द्र, नदीजन्य सामाग्री व्यवस्थापन तथा पर्यटकीय गन्तव्यहरूको निर्माण र सञ्चालन गरिनेछ । नेवाः क्षे पर्यटन संग्रहालय, प्रदेश संग्रहालय, बटरफ्लाई म्युजियम लगायतका संग्रहालयहरुसँग सहकार्य गरि पर्यटन प्रवर्द्धनमा थप कार्य गरिनेछ ।

५३. पर्यटकीय पोखरा झल्कने गरी अङ्ग्रेजी र नेपाली भाषामा संक्षिप्त परिचय सहित **सुन्दर पोखरा** नामक चित्रकथा र डकुमेन्ट्री प्रकाशन गरिने छ ।

**कृषि तर्फ :**

५४. **"कृषि उत्पादनमा वृद्धि, महानगरको समृद्धि"** भन्ने अवधारणाका साथ कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधुनिकीकरण तथा यान्त्रीकरण प्रविधि प्रयोगमा ल्याई उत्पादन तथा उत्पादकत्व वृद्धि गरी तरकारी, दूध, माछा, मासु, अण्डा र पुष्प (फुल) जस्ता वस्तुहरूमा आत्मनिर्भर बनाउन जोड दिइनेछ ।

५५. **"खेतीयोग्य गरा बनाऔं हराभरा"** अभियान सञ्चालन गर्दै हिउँदमा बाँझो रहने जग्गामा गहुँ, तोरी, चैते धान, आलुको क्लस्टरमा खेती गरिनेछ ।

५६. **"सिचाई क्षेत्रको विस्तार, उत्पादन वृद्धिको आधार"** को अवधारणा अनुसार खेती योग्य जमिनमा वर्ष भरि सिचाई सुविधा बढाउन, थोपा सिचाई, प्लास्टिक पोखरी, लिफ्ट सिचाई, कुलो तथा पाइप सिचाई मार्फत सामूहिक पहुँच विस्तार गरिनेछ । पाँच रोपनी भन्दा बढि क्षेत्रफल जमिनमा कृषि व्यवसाय गर्ने व्यक्ति वा परिवारलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।



CamScanner

५७. प्रभावकारी सूचना, प्रविधि र सञ्चार सहित कृषि प्रसारको व्यवहारिक व्यवस्थापनको लागि मुख्य उत्पादन पकेट क्षेत्रमा कृषि तथा पशुपन्छी सेवाका लागि प्राविधिकको व्यवस्था मिलाइनेछ ।

५८. रैथाने बाली, प्राङ्गारिक कृषि तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्दै कृषि पर्यटनमा जोड दिइनेछ । महनागरपालिकाको मौलिक उत्पादनलाई ब्राण्डिङ गर्न तथा प्याटेन्ट राइट लिन पहल गरिनेछ ।

५९. कृषि उपज बजारीकरणको लागि **"बारी देखि बजारसम्म, उत्पादक देखि उपभोक्तासम्म"** अभियान सञ्चालन गरिनेछ । उत्पादनका क्रममा हुने क्षति न्यूनीकरणको लागि कृषि एम्बुलेन्स मार्फत ग्रामीण क्षेत्रबाट नियमित उपज सङ्कलन गरी सोझै उपभोक्ता समक्ष पुर्‍याउन सुरु गरिएको व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ ।

६०. कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको लागि डिजिटल कृषि बजार व्यवस्थापन प्रणाली उपयोगमा ल्याइनेछ । कृषकको उत्पादनमा भएको लगानीको ग्यारेन्टी गर्दै कृषि उपजको न्यूनतम समर्थन मूल्य सुनिश्चित गरिनेछ ।

६१. कृषकहरुलाई प्राविधिक सहयोग सहित आवश्यक मेसिनरी, मल, उन्नत बिउको व्यवस्थापनमा सहजिकरण गरिनेछ भने, एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिईने छ । प्रदेश सरकारको साझेदारीमा आवश्यक शित भण्डारको व्यवस्था गरिनेछ ।

६२. प्राकृतिक प्रकोप न्यूनीकरण, बाली सुरक्षणमा सहयोग अभियान अन्तर्गत पोखरा महानगर क्षेत्रमा कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको पहिचान, नियन्त्रणमा आवश्यक सहयोग गरिनेछ । कृषि बिमा कार्यक्रमबारे जनचेतना तथा कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

६३ बाँदर व्यवस्थापनको लागि सामुदायिक वन समूहसँगको साझेदारीमा जङ्गलमा बाँदरले मन पराउने बाली केन्द्रित अनुसन्धानमूलक परियोजनाको सुरुवात गरिनेछ । यसका लागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरिनेछ ।

६४. मुख्य सहरी क्षेत्रमा पर्ने वडाका सघन बस्तीहरूमा घरायसी फोहरको व्यवस्थापन गरी कम्पोस्ट मल बनाइ कौसी खेती प्रवर्द्धन गरिनेछ ।

६५. नगरवासीलाई स्वच्छ र स्वस्थ खानाको लागि उपभोक्तामैत्री सचेतना, फुटपाथ क्षेत्रमा हुने कृषि बस्तु बिक्री वितरणलाई नियमन गर्नका लागि नियमित बजार अनुगमन गरिनेछ । खाद्य निरीक्षकको व्यवस्था गरि गुणस्तरीय खाद्य सामाग्रीको उपलब्धता सुनिश्चित गरिनेछ ।

६६. खाद्य वस्तुमा हुने मिसावट नियन्त्रण गर्दै गुणस्तरीय खाद्य वस्तु उपभोग गर्न पाउने मौलिक अधिकारको सुनिश्चित गर्न विषादी परीक्षणका लागि आवश्यक संस्थागत व्यवस्था गरिनेछ । तरकारी तथा फलफुल बजारलाई उपभोक्ताहरुको पहुँचमा पुग्नेगरि थप व्यवस्थापन गरिनेछ ।

**पशुपालन तर्फ :**



CS CamScanner

६७. पोखरा महानगर भित्र पशु पन्छीका लाग्ने रोगहरुको निवारणका लागि आधारभूत सेवा, खोप तथा औषधि निःशुल्क उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६८. पशुपन्छी पालन व्यवसायको प्रवर्द्धन र संवर्द्धनको लागि पशु नस्ल सुधार तथा आहारा व्यवस्थापनका लागि बाँझो तथा बाँदर प्रभावित क्षेत्रमा घाँस उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

६९. बङ्गुर व्यवसायलाई अफ्रिकन स्वाइन फीभरले पारेको असर न्यूनीकरणको लागि राहत तथा पुनर्स्थापन प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ । पशु स्वास्थ्य बिमा बारे सचेनता अभिवृद्धि गर्दै पशुबिका लागि आवश्यक सहजिकरण र सहकार्य गरिनेछ ।

७०. **"सबै कृषकहरूको पहुँच र पहिचान, व्यावसायिक कृषकहरूको संरक्षण र सम्मान"** भन्ने नारा अगाडी बढाउँदै कृषकको वर्गीकरण गरी किसान परिचय पत्र मार्फत न्यूनतम अनुदानको ग्यारेन्टी गरिनेछ ।

७१. महानर क्षेत्रका छाडा पशुहरुको उचित व्यवस्थापन गर्न व्यवस्थित गौशाला निर्माण गरिनेछ । छाडा पशुचौपायको नियन्त्रण तथा व्यवस्थापनका लागि **एनिमल रेस्क्यु भेइकल** संचालनमा ल्याइने छ । सामुदायीक कुकुरहरु (कम्युनिटी डग) को नियन्त्रण तथा घरपालुवा कुकुरहरुको अभिलेखीकरणका साथै भ्याक्सिन अभियान सञ्चालनमा निरन्तरता दिइनेछ । सार्वजनिक नीजि साझेदारीमा आधुनिक र व्यवस्थित बधशाला निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

७२. नेपाल सरकारले ल्याएको मध्ये कम्तिमा ५ वटा मुर्रा राँगा पोखरा स्थित पशुप्रजनन केन्द्रमा ल्याउन पहल गरी महानगर क्षेत्रमा नस्ल सुधार सहित भैंसी पालन व्यवसायलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने छ ।

**सहकारी तर्फ :**

७३. **"महानगर र सहकारी, उत्पादन र बजारीकरणमा साझेदारी"** भन्ने मान्यताका साथ सहकारी क्षेत्रमा रहेको सर्वसाधारणको बचत सुरक्षित गर्न अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ ।

७४. उत्पादनसँग सम्बन्धित बाहेकका सहकारी संस्थाहरूको दर्ता गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

७५. महानगर भित्रका सबै सहकारी संस्थाहरूलाई अनिवार्य सूचिकृत हुने व्यवस्था मिलाइनेछ । सहकारी संस्थाहरूका लागि सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. कृषि उपज सङ्कलन, भण्डारण र बजार पहुँच विस्तारका लागि कृषि एवं उत्पादनमा जाने सहकारीलाई प्रवर्द्धन गर्दै **एक सहकारी एक व्यावसायिक उत्पादन** मार्फत, उद्योग तथा रोजगारी अभियान सञ्चालन गरिनेछ ।



CS CamScanner

७७. सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनलाई थप प्रभावकारि बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थाहरूलाई आबद्ध गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. पोखरा महानगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरूको जोखिम न्यूनीकरण प्रवर्द्धन र संरक्षण गर्न छुट्टै कोष स्थापना गरिनेछ । साथै सहकारीहरुको सवलीकरणका लागि सहकारी विकास बैंकसँग सहकार्य गरि आवश्यक अभियान संचालन गरिनेछ ।

**रोजगार तथा व्यवसाय प्रवर्द्धन :**

७९. ''बेरोजगारलाई रोजगार, उत्पादनलाई बजार'' को अवधारणामा संघीय सरकारको युवा उद्यमशीलता प्रवर्द्धन वर्ष २०८०/८१ को अवसरमा **युवासँग महानगर अभियान** अन्तर्गत उद्यमशीलता विकास र व्यवसाय सञ्चालनमा आकर्षित गर्न सिप र प्रविधिमा लगानी प्रवर्द्धन गरिनेछ । युवा तथा साना व्यवसायीलाई युवा स्वरोजगार कोषको सहकार्यमा स्टार्टअप स्वरूप सहुलियत पूर्ण कर्जाको व्यवस्था गरिनेछ ।

८०. न्यूनतम रोजगारीको प्रत्याभूति गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमका साथै महानगरपालिकाको विकास निर्माण कार्यलाई समेत स्थानीय रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ । श्रमिकहरुको सामाजिक सुरक्षाको सुनिश्चितताका लागि श्रमिक परिचय पत्र वितरणको व्यवस्था मिलाईने छ । यस प्रयोजनका लागि महानगरमा श्रम हेल्प डेस्कको स्थापना गरिनेछ ।

८१. **"बेरोजगारसँग रोजगार, उत्पादनसँग बजार"** भन्ने नारालाई चरितार्थ गर्न श्रम बजारको माग र आवश्यकता अनुरूप सहज रूपमा दक्ष जनशक्ति आपुर्ती हुने व्यवस्थाका लागि व्यवसायिक तथा सीप विकास तालिम सञ्चालन गरिनेछ । सबै वडाहरुमा बेरोजगारहरुको लगत संकलन गरि रोजगार बैंकमा सूचिकृत गरिनेछ । रोजगार मेलाको आयोजना गरि रोजगार बैंकको स्थापना गरिनेछ ।

८२. महानगरबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई दिईने श्रम स्वीकृति सेवालाई थप प्रभावकारी बनाउनुको साथै मर्यादित बनाइनेछ । साथै वैदेशिक रोजगारी सम्बन्धि परामर्श सेवालाई सरल, सहज र पारदर्शी बनाईने छ ।

८३. नवीन सोच तथा युवा उद्यमशीलतालाई प्रोत्साहन गरी स्टार्टअप व्यवसायहरू प्रवर्धनका लागि आइडिया मार्ट सञ्चालन गरिनेछ । यस प्रयोजनका लागि आइडिया बैंक र आइडिया स्टुडियो स्थापना गरिनेछ ।

८४. महानगर तथा निजी क्षेत्रको अर्थपूर्ण सहकार्य र व्यावसायिक वातावरण सुधारका लागि नियमित रूपमा सार्वजनिक निजी संवाद आयोजना गरिने छ ।

८५. **"स्वदेश मै भर परौँ, स्वदेश मै केही गरौँ"** कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ । एक वडा एक नमुना कार्यक्रम तर्जुमा गरि अन्य वडाहरुमा समेत विस्तार गर्दै लगिनेछ । स्वास्थ्य र पूर्वाधार बाहेकका सबै तालिमहरू एकद्धार प्रणाली मार्फत सञ्चालनको व्यवस्था मिलाइने छ ।



CS CamScanner

८६. जीविकोपार्जन सुधार, उद्यमशीलता विकास, महिलाको आर्थिक सशक्तीकरणका विषयमा महानगरका कार्यक्रमहरूलाई समन्वयात्मक ढङ्गले एकीकृत प्रणाली मार्फत सञ्चालन गरिनेछ । महानगरमा स्थापित रोजगार सेवा केन्द्रलाई नमुनाको रुपमा एकीकृत श्रम तथा रोजगार सेवा केन्द्रका रुपमा विकास गरिनेछ ।

८७. **"स्थानीय औद्योगिक उत्पादनमा वृद्धि, रोजगारी सिर्जना र महानगरको समृद्धि"** भन्ने मान्यताका साथ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई बिस्तार, विकास र आधुनिकीकरण गरिनेछ ।

८८. स्थानीय उद्यमशीलताको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ । पोखरा कोसेली घर निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा स्थानीय उत्पादित बस्तुको प्रबर्द्धनमा सहयोग गरिनेछ ।

**सूचना प्रविधि र सञ्चार :**

८९. डिजिटल पोखराको अवधारणालाई साकार पार्न एकीकृत सूचना तथा सेवा प्रवाह प्रणाली - पोखरा पोर्टल (वेबसाइट) को विकास गरिनेछ । डिजिटल पोखरा निर्माणका लागि थप अध्ययन गरि कार्यलय भित्र र बाहिर आवश्यक सुधार गरिनेछ । पोखराका मुख्य सार्वजनिक स्थलहरुमा वाइफाईको व्यवस्था गरिनेछ ।

९०. **"सचेत नागरिक सुसूचित महानगर, पहुँच अभिवृद्धि र मर्यादित सञ्चार"** को अवधारणालाई आत्मसात् गर्दै सुसूचित हुन पाउने आम पोखरेली नागरिकको अधिकार सुनिश्चितता सहित प्रत्याभूति दिलाइने छ । सञ्चार क्षेत्रको भूमिकालाई स्थानीय सरकार र नगरवासीहरू बिच समन्वयात्मक विचारको विनिमयका रूपमा थप प्रभावकारी बनाइने छ ।

९१. नेपाल पत्रकार महासंघ कास्की शाखासँग सहकार्य/साझेदारी गरी पत्रकार कल्याणकारी कोषलाई क्रियाशील बनाइनेछ । श्रमजीवी पत्रकारहरूको क्षमता तथा लेखनवृति विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९२. महानगरपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन समेतका सञ्चार माध्यमहरूलाई अनिवार्य रूपमा महानगरमा सूचीकरणको व्यवस्था मिलाइनेछ । कानुनी व्यवस्था गरी समानुपातिक विज्ञापन प्रणाली लागु गरिनेछ ।

९३. महानगरको विद्युतीय पार्श्वचित्र तयार गरी सबै तथ्याङ्कहरू नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ । वैज्ञानिक प्रविधिमा आधारित सडक सञ्जाल तथा घर नम्बरीङ्ग प्रणालीको विकास गरी नक्शाङ्कन गरिनेछ ।

**सामाजिक विकास तर्फ :**

९४. लैंगिक समानता, सामाजिक समावेशीकरण र समतामूलक समाज निर्माणका लागि उपप्रमुखसँग महिला कार्यक्रम र महिला पुरुष सम-सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ



CS CamScanner

। आपतकालिन अवस्थाका महिलाहरूको तत्कालै उद्धार गर्ने व्यवस्था मिलाइ त्यसका लागि राहत, उद्धार र पुनर्स्थापन कार्यक्रम सञ्चालन गरिने छ ।

९५. सामाजिक विधामा क्रियाशील महिलाहरूको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्दै यस्ता संस्थाहरूलाई सामाजिक जागरण र विकासको साझेदारको रूपमा परिचालन गरिनेछ । महानगरका सबै वडाहरूलाई बालमैत्री बनाउँदै लगिनेछ । मापदण्ड पुगेका वडाहरूलाई बालमैत्री वडा घोषणा गरिनेछ । बालविवाहलाई निरुत्साहित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

९६. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न र बालबालिका संरक्षण कार्यका लागि गठन भएका बाल अधिकार समिति, महानगर बालमन्च र बाल संरक्षण समितिलाई वडा स्तरमा परिचालन गरी सक्रिय र प्रतिस्पर्धी बनाइनेछ । दलित वर्गको उत्थान तथा सबलीकरण गर्न महानगर स्तरीय दलित विकास समिति गठन गरिनेछ ।

९७. अपाङ्गता भएका व्यक्तीहरुको वस्तुनिष्ठ वर्गीकरण गरी अपाङ्गता परिचय पत्रलाई समयमा नै उपलब्ध गराइनेछ । अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्न लक्षित कार्क्रमहरु सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रलाई संघ तथा प्रदेशसँग समन्वय गरी थप व्यवस्थित गरिनेछ । ज्येष्ठ नागरिक दिवसको अवसरमा महानगर पिता र महानगर माता घोषणा गरी सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । अपांगता भएका विद्यार्थीहरुको पठन पाठनमा विशेष सहयोग पुर्याइने छ । सहिद, बेपत्ता एवं घाइते परिवारको आत्मसम्मानमा टेवा पुग्ने गरि विशेष नीति लिइनेछ ।

९८. अनाथ, असहाय, बेवारिसे तथा सडक बालबालिकाहरूको उद्धार, संरक्षण र पुनर्स्थापना लागि राहत तथा उद्धार कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल सरकारसँगको समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासन कार्यक्रम वडा स्तरसम्म विस्तार गरिनेछ ।

९९. महानगरभित्र निर्माण हुने संरचनालाई ज्येष्ठ नागरिक, अपाङ्ग, लैगिक तथा यौनिक अल्पसंख्यकमैत्री बनाउने नीति अवलम्बन गरिनेछ । महानगरपालिकाले सर्वेक्षण गरिरहेको महानगर प्रोफाईलबाट ठहर हुन आउने विपन्न घरधुरी पहिचान कार्यक्रम सम्पन्न पश्चात् अति विपन्न घरपरिवारलाई मासिक १० हजार लिटरसम्म खानेपानी नि:शुल्क वितरण गर्ने व्यवस्था मिलाइने छ । खानेपानी संस्थानसँग समन्वय गरि अटोमेटिक पानी तान्ने र बन्द हुने प्रणाली जडान गर्न सहयोग गरिनेछ ।

१००. सहरका व्यस्त स्थानहरूमा सार्वजनिक शौचालय सहित शुद्ध पिउने पानीको व्यवस्था मिलाईने छ । पोखरामा कपडा बैंक स्थापना गरी सञ्चालन गरिने छ । मानव सेवा आश्रम लगायत अन्य संस्थासँगको सहकार्य र सहयोगमा सहयोगापेक्षी सडक मानवमुक्त महानगर बनाइने छ । प्रदेश सरकारसँगको सहकार्यमा पोखरा ३३ मा एक संरक्षण घर (सेफ हाउस) संचालनमा ल्याईने छ ।

**पूर्वाधार तर्फ :**



CamScanner

१०१. महानगर गौरवको आयोजनाको परिभाषा र मापदण्ड तयगरी तोकिएका मापदण्ड पुरा गर्ने आयोजनालाई मात्रै गौरवको आयोजनाको रूपमा सूचीकृत गरी मध्यकालिन खर्च संरचनामा बजेट व्यवस्था गरिनेछ । विकास आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न आयोजना बैङ्क तयार गरी वार्षिक बजेट तथा कार्यक्रममा सबै तयारी पूरा भएका आयोजनाहरुका लागि मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ । आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाइनेछ ।

१०२. मध्य पहाडी लोकमार्ग तथा सिद्धार्थ राजमार्ग जोड्ने बाइपास रोड तथा पृथ्वीराज मार्गको वैकलिपक मार्गको रूपमा बिरौटा कोत्रे सडकलाई विश्व बैङ्कको आर्थिक सहयोग मार्फत सम्पन्न गरिनेछ । सहरी उत्थानशील तथा जीविकोपार्जन सुधार कार्यक्रम सुरु गरिनेछ । महानगरका मुख्य सडकहरूमा संघीय र प्रदेशसँगको सहकार्यमा युटिलिटि कोरिडोर निर्माण गर्न अध्ययन गरिनेछ ।

१०३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल देखी फेवातालसम्म द्रुतमार्गको लागि अध्ययन गरिनेछ । लामेआहालमा निर्माण गरिने अत्याधुनिक बस टर्मिनलको जग्गा प्राप्ति लगायतका कार्य प्रदेश सरकारसँगको सहकार्यमा अगाडी बढाइने छ । महानगर क्षेत्र भित्र अव्यवस्थित रुपमा सञ्चालन भएका वर्कसप व्यवस्थित गरी सहरी सुन्दरता अभिवृद्धि गर्न अध्ययन समितिले तयार गरेको प्रतिवेदन अनुसार अटो भिलेज स्थापना तथा संचालन गरिनेछ ।

१०४. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न कोरियन सरकारको सहयोगमा सञ्चालित हरित यातायात परियोजना मार्फत सहरका प्रमुख चोक, पेट्रोल पम्प र आवश्यक स्थानहरूमा विद्युतीय चार्जिङ स्टेसन स्थापना गरिनेछ । महानगरपालिकाका लागि आवश्यक सवारी साधनहरू खरिद गर्दा विद्युतीय सवारी साधनलाई प्राथमिकता दिइनेछ ।

१०५. आगामी २ वर्षभित्र महानगरको प्रमुख क्षेत्रभित्र नेपाल विद्युत प्राधिकरणको सहकार्य र लागत साझेदारीमा बिजुलीका तार भूमिगत गरी सहरी सुन्दरता बढाउनुको साथै जोखिम न्यूनीकरण गरिनेछ । महानगरपालिका भित्र निर्माण गरिने सार्वजनिक भौतिक पूर्वाधारहरूलाई अपाङ्गमैत्री बनाइनेछ । सडकहरूलाई वातावरणमैत्री तथा हरित सडकको रूपमा विस्तार र स्तरोन्नति गर्ने नीति लिइनेछ ।

१०६. पोखरा महानगरपालिकाको भू-उपयोग नीति लागु गरिनेछ । अव्यवस्थित जग्गा खण्डीकरणलाई निरुत्साहित गर्दै जग्गा विकास कार्यक्रम सञ्चालन गरिनेछ । पृथ्विचोक स्थित बसपार्कको क्षेत्र एकिन गरि अव्यवस्थित बसोबासलाई उपयुक्त स्थानमा स्थानान्तरण सहित सिटी बस टर्मिनलको रूपमा निर्माण गर्न नगर विकास कोषको सहयोगमा सम्भाव्यता अध्ययन गरी बसपार्क निर्माण प्रक्रिया अघि बढाइनेछ ।

१०७. नेपाल सरकार शहरीविकास मन्त्रालयबाट जारी गरिएको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ को अधीनमा रही महानगरपालिका बस्ती विकास सम्बन्धी कार्यविधि तयार गरी जोखिममुक्त तथा उपयुक्त क्षेत्र पहिचान गरी बहुतले भवन निर्माणको इजाजत प्रदान र नियमन गरी अव्यवस्थित सहरीकरणलाई निरुत्साहित गरिनेछ । भवन निर्माण कार्यलाई व्यवस्थित गर्न एकीकृत भवन मापदण्ड निर्देशिका तर्जुमा गरी लागु गरिनेछ । पोखरा महानगरमा आकस्मिक सेवा प्रवाह गर्न दक्ष जनशक्ति सहितको र्‍यापिड एक्सन टिम निर्माण गरी एक पूर्वाधार एम्बुलेन्स सञ्चालनमा ल्याइनेछ ।



CS CamScanner

१०८. पोखरा महानगरक्षेत्रभित्र सहज आवागमन, सहरी सुरक्षा र सडक सौन्दर्यीकरण गर्न मुख्य बजार क्षेत्रमा रहेका सडकहरूको अस्फाल्ट कङ्क्रिट सबै सडकहरूको आवधिक मर्मत सम्भार गरिनेछ । पोखरा महानगरपालिकामा सञ्चालन हुने पूर्वाधार निर्माण कार्यहरूको गुणस्तर मापन गर्ने प्रयोगशालालाई साधन सम्पन्न गरी सुदृढिकरण गरिनेछ । बहुतले भवनहरूमा मानव स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने खालका निर्माण सामग्री प्रयोग गर्न प्रोत्साहन गरिनेछ । ऊर्जा प्रभावकारी भवनलाई प्रोत्साहन गरिनेछ । नक्सा पास कार्य व्यवस्थित र प्रविधिमैत्री बनाउँदै आवेदन, स्वीकृति एवं इजाजत दिने प्रक्रिया अनलाइन र डिजिटल प्रणाली मार्फत **फेसलेस सेवा** प्रदान गरिनेछ ।

१०९. ग्रामीण सडकहरूमा नाला तथा सडक सरसफाइ तथा मर्मतका लागि सडक हेरालो प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत व्यवस्था मिलाउने नीति लिइनेछ । सडक पुल तथा कल्भर्टको माग सङ्कलन गर्दा हाल २२८ वटा सडक पुल तथा कल्भर्ट निर्माण गर्नुपर्ने देखिएकोले कल्भर्ट तथा ४० मिटर सम्म स्पानका पुलहरू क्रमशः सञ्चालन गरिनेछ । साथै ४० मिटर माथिका पुलहरू प्रदेश तथा संघीय सरकार सँगको समन्वयमा निर्माण गरिनेछ ।

११०. **समुन्नत पर्यटकीय पोखरा** निर्माणका लागि ताल तलैया, पोखरी, चौतारा, सिमसार, गुफा, मन्दिर पुराना ऐतिहासिक सम्पदा लगायतमा आवश्यक पर्ने पर्यटन पूर्वाधार निर्माण साथै संरक्षण र सम्बर्द्धनको नीति लिइनेछ । पोखराको जननीको रूपमा परिचित सेती नदी, पोखराको मध्यभागबाट बग्ने फिर्केखोला र बुलौदीखोला लगायतको संरक्षण, सम्बर्द्धन र विशेष सौन्दर्यीकरणको नीति लिइनेछ । साथै पोखराका मुख्य नदि, नाला तथा खोलाहरुको सिमाना एकिन गरी रेखाङ्कन गरिनेछ । बर्सातको पानी निकासका लागि खानेपानी तथा ढल निकास विभागको सहकार्यमा व्यवस्थित ढल निर्माणको नीति लिइनेछ ।

१११. ग्रेटर पोखराको अवधारणापत्र तयार गरी सार्वजनिक गरिनेछ । ग्रेटर पोखरा भित्र व्यवस्थित चक्रपथ र स्याटलाइट सिटीको अवधारणा समेत समेटिनेछ । यस वर्षबाट पोखरा चक्रपथको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यको शुभारम्भ गरिनेछ । पोखरा महानगर क्षेत्रभित्र कुनै पनि घरधुरी स्वच्छ खानेपानी तथा विद्युतीय सेवाबाट बञ्चित हुन नपर्ने नीति लिइनेछ । पोखराको सभ्यताको रूपमा रहेको सेती नदिका सम्भव भएका स्थानहरूमा चेक ड्याम निर्माण गरिनेछ । पोखरा वडा नं १३,१७ र २५ लगायतका स्थानहरूमा बर्षामा हुने डुबानको समस्यालाई प्राविधिक अध्ययन गराई दीर्घकालीन निराकरण गर्ने नीति लिइनेछ ।

११२. नेपाल सरकार तथा जाइकाको समन्वय र सहकार्यमा पोखरा महानगरपालिकामा फोहोर पानी व्यवस्थापन गुरुयोजना तयार कार्य अन्तिम चरणमा पुगेको छ । सहर स्वच्छ र सफा राख्नको लागि ढल निर्माण गरी प्रशोधन केन्द्रमा पुर्याउने, नयाँ घर निर्माण स्वीकृत लिँदाका बखत जमिनमा पानी नसोस्ने सेप्टि ट्याङ्की निर्माण गर्नुपर्ने साथै घरमा पर्ने बर्सातको पानी सोस्ने Rain Garden बनाउने नीति लिइनेछ ।

११३. महानगरका मुख्यचोक र पर्यटकीय गन्तव्यहरूको सौन्दर्यीकरण गर्दै आवश्यक ठाउँमा सी.सी क्यामेरा जडान गरिने छ । फुटपाथ अतिक्रमणलाई पूर्ण रूपमा नियन्त्रण गरी सहज अवागमन र उपयोगको व्यवस्था मिलाइने छ । सूचना केन्द्र, सार्वजनिक पुस्तकालय तथा



CamScanner

घण्टाघर सहितको पोखराको पहिचान झल्किने पोखरा भवनको निर्माण कार्य अगाडि बढाइनेछ ।

११४. **फेवा–बेगनास कनेक्टिभिटी** अन्तर्गत द्रुत यातायात प्रणाली विकासका लागि पोडवे (Podway) को सम्भाव्यता अध्ययन गरिनेछ । सहरका मुख्य सडकमा घर निर्माण गर्दा अनिवार्य भूमिगत पार्किङको व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । पार्किङ व्यवसायका लागि भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न सहुलियत प्रदान गरिनेछ ।

११५. घर नक्सा अभिलेखीकरण सम्बन्धी कानुनी व्यवस्थालाई व्यवहारिक बनाई आ.व. २०८०/८१ भित्र निर्माण सम्पन्न प्रमाणपत्र लिन बाँकी रहेका सबै भवनहरूको अभिलेखीकरण गरिनेछ । आ.व. ०८०/८१ भित्र अभिलेखीकरण नगर्ने घर तथा भवनहरूको अभिलेखीकरण नगर्ने र थप कानुनी कारवाहीको नीति लिइनेछ ।

११६. महानगर भित्र कुनै पनि व्यक्ति वा सामाजिक संस्थाहरूले भौतिक संरचना निर्माण गर्दा जमिनको लालपुर्जा वा अधिकार प्राप्त निकायको स्वीकृति अनिवार्य लिनु पर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ ।

११७. फिर्केखोलाको दुवै तर्फको मादण्ड तय गरि सौन्दर्यकरण सहित फुटट्रयाक तथा साइकल लेनको व्यवस्थापन गर्न डिटेल डिजाइन तथा प्रोजेक्ट तयार गरि लागु गरिनेछ ।

**यातायात**

११८. महानगरमा सञ्चालित सार्वजनिक यातायातमा अनिवार्य रूपमा जिपिएस प्रणाली र विद्युतीय भुक्तानी प्रणाली जडान गर्ने र यात्रुमैत्री व्यवहार तथा सुरक्षित पार्किङ व्यवस्थापनका लागी यातायात सञ्चालकहरूलाई जिम्मेवार बनाउने नीति लिइनेछ । यात्रुहरूको हितलाई मध्यनजर गरी ट्याक्सी सेवालाई अनिवार्य रूपमा मिटरमा चल्नुपर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ । २० वर्ष पुराना सवारी साधनहरुलाई विस्थापन गर्ने नीति लिईनेछ ।

११९. सहरका मुख्य चोकहरूमा सवारी व्यवस्थापनलाई चुस्त बनाउन र दुर्घट्ना जोखिम न्यूनीकरण गर्न ट्राफिक लाइट जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । महानगरमा सञ्चालित सवारी साधनहरूको प्रदूषण नियन्त्रण प्रमाणपत्र (ग्रिन स्टिकर) को पालना कडाइका साथ लागु गर्ने र विद्युतीय सवारीको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । एकीकृत गुणस्तरीय सेवा उपलब्ध हुनेगरि आधुनिक अटो भिलेज निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

१२०. महानगर क्षेत्रमा बाटोको सहज पहुँच भएका स्थानसम्म सार्वजनिक यातायातको समुचित प्रबन्ध गरिनेछ । पोखरा अन्तरराष्ट्रिय विमानस्थलदेखी शहरसम्मको यातायात पहुँचलाई सहज बनाउन वैकल्पिक यातायात प्रणाली तय गरिनेछ । सामयानुकुल यातायात भाडा समायोजनमा सहजिकरण गरिनेछ ।

**आधारभूत, माध्यमिक शिक्षा :**



CamScanner

१२१. विद्यालय उमेर समूहका बालबालिकालाई भर्नाको सुनिश्चितता गर्दै गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षाको पहुँचलाई थप विस्तार गरिनेछ । विद्यालयमा इन्टरनेट सेवा जडान गरी इ लाइब्रेरी, स्मार्ट टिभी, कम्प्युटर ल्याब सहितको इ-क्लास सञ्चालन गर्न प्रोत्साहित गर्दै लगिनेछ । सफा पिउने पानीको सुनिश्चितता गरिनेछ । संस्थागत विद्यालयले जेहन्दार, विपन्न, असहाय बालबालिकालाई प्रदान गर्दै आएको छात्रवृत्तिलाई व्यवस्थित र पारदर्शी बनाइनेछ । संस्थागत विद्यालय र सामुदायिक विद्यालयमा निजी स्रोतमा कार्यरत कर्मचारी तथा शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गरिनेछ ।

१२२. दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्दै स्थानीय उत्पादनलाई प्राथमिकता दिई स्वस्थ र पोषणयुक्त दिवा खाजाको व्यवस्था मिलाइनेछ । खाजावापत उपलब्ध गराइदै आएको रकममा महानगरको तर्फबाट रु.१० थप गरि प्रति विद्यार्थी रु.२५ पुर्याइने छ । खाजाको रुपमा जङ्क फुडको उपयोगलाई निषेध गरिनेछ । सामुदायिक विद्यालयहरूमा दक्षता अभिवृद्धि सहित समयानुकूल पाठ्यक्रम तथा दक्ष जनशक्ति व्यवस्थापन गरी अङ्ग्रेजी र नेपाली दुवै माध्यममा पठनपाठन सञ्चालन गरि गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

१२३. महानगर भित्र प्राविधिक शिक्षामार्फत **सिक्दै कमाउँदै कार्यक्रम** लागु गरिनेछ । प्राविधिक शिक्षालयमा अध्ययनरत बिद्यार्थीहरुलाई वडा र व्यावसायिक प्रतिष्ठानहरूमा पेड इर्न्टनको व्यवस्था मिलाइनेछ । गण्डकी बहुप्राबिधिक शिक्षालयको स्तरोन्नति गर्दै स्वास्थ्य तथा स्थानीय बजारको मागमा आधारित अन्य कार्यक्रम थप गरी सञ्चालनमा ल्याइनेछ । पोखरा महानगरपालिकाद्धारा संचालित गण्डकी बहुप्राविधिक शिक्षालयको नाम संसोधन गरि पोखरा बहुप्राविधिक शिक्षालयमा रुपान्तरण गरिनेछ ।

१२४. परामर्श सेवा केन्द्र निजी स्तरमा सञ्चालित ट्युसन तथा कोचिङ सेन्टर, भाषा तालिम तथा प्रशिक्षण केन्द्रलाई कडाइका साथ नियमन गरिनेछ । लक्षित वर्गमा विशेष आवश्यकता र क्षमता भएका बालबालिकालाई प्राविधिक उच्च शिक्षामा अभिप्रेरित गर्न विशेष कार्यक्रम लागु गरिनेछ । आधारभूत तह (कक्षा १ देखि ५ सम्म) मातृभाषामा अध्यापन गराउनका लागि प्रशिक्षक तालिमको व्यवस्था गरी स्थानीय भाषाको प्रवर्द्धन गर्दै मातृभाषा मार्फत शिक्षा प्रदान गर्न प्रोत्साहन गरिनेछ ।

१२५. विद्यालय शिक्षा सुधार कार्यक्रम लागु गरिनेछ । महानगरले जारी गरेको १७ बुँदे विद्यालय शिक्षा सुधार निर्देशन कडाइका साथ लागु गरिने छ । प्रधानाध्यापकसँग महानगरले र शिक्षकसँग प्रधानाध्यापकले गरेको कार्यसम्पादन सम्झौतालाई दृढताका साथ कार्यान्वयन गरिने छ । कार्यसम्पादन उत्कृष्ट हुने विद्यालय तथा प्रधानाध्यापकलाई उचित प्रोत्साहन प्रदान गरिनेछ । वडा स्तरमा अनौपचारिक शिक्षा तथा प्राविधिक सिप सिकाइको लागि सामुदायिक सिकाई केन्द्रहरूलाई जिम्मेवार बनाइनेछ ।

१२६. बाल विकास केन्द्रहरूको सबलीकरण गर्दै बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने वद्यार्थीको संख्यामा वृद्धि गरिनेछ । कक्षाकोठाको सिकाइलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ । शिक्षकको क्षमता अभिवृद्धिका लागि छोटो अवधिका तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । कानुन सम्मत रूपमा संस्थागत विद्यालयहरूले उपलब्ध गराउनुपर्ने क्षात्रवृत्तिलाई पारदर्शी र व्यवस्थित गराउन अनुगमनलाई प्रभावकारी बनाइनेछ ।



CS CamScanner

१२७. विद्यार्थी संख्याका आधारमा विद्यालय नर्स कार्यक्रम लागु गरिनेछ । प्रध्यानाध्यापकहरुको कार्यसम्पादन सन्तोषजनक नभएमा खुला प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक नियुक्त गर्ने नीति अवलम्बन गरिने छ । स्थानीय पाठ्यक्रमका रूपमा नैतिक शिक्षा, अतिथि सत्कार, कला साहित्य, संस्कृति र कृषि पर्यटनको पाठ्यक्रम तयार गरी लागु गरिनेछ । विद्यालय शिक्षालाई थप व्यवसायीक बनाउन दक्ष शैक्षिक जनशक्तिको व्यवस्था गरिनेछ ।

**युवा तथा खेलकुद तर्फ :**

१२८. युवाहरूलाई बिपद व्यवस्थापन र सामाजिक सेवाका कार्यमा अग्रसर गराउँदै उनीहरूको रुचि एवम् क्षमता पहिचान गरी रोजगारी तथा स्वरोजगारमूलक नवउद्यमका क्षेत्रमा जोडिनेछ । साहसिक खेल प्रवर्द्धन गर्दै महानगरलाई खेलकुदको सहरका रुपमा विकास गरिनेछ । खेलको माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्दै लगिनेछ ।

१२९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा पदक प्राप्त गर्ने महानगरपालिका भित्रका खेलाडीहरूको अभिलेख तयार गरी उचित प्रोत्साहन प्रदान गरिनेछ । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई खेल आधार तयार गर्नका लागि विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनमा जोड दिइनेछ । मेयरकप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

१३०. पोखरामा आयोजना हुने प्रदेशस्तरीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगीताहरुमा सहकार्यको नीति लिइनेछ । अपाङ्गता भएका व्यक्ति, बालबालिका, महिला तथा ज्येष्ठ नागरिक केन्द्रत खेलकुद गतिविधिहरू सञ्चालन गरिनेछ । खेलकुद क्षेत्रको सुदृढीकरण र खेलाडीहरूको क्षमता विकासका लागि खेल पुर्वाधारहरुको विकासमा जोड दिइनेछ ।

**भाषा, साहित्य तथा संस्कृति :**

१३१. भाषा, साहित्य, सङ्गीत कला तथा संस्कृतिको संरक्षण सम्वर्द्धन र विकास गर्न अध्ययन अनुसन्धान प्रशिक्षणमा जोड दिँदै विभिन्न विधाहरूमा प्रतियोगिता सञ्चालन गरिनेछ । लोक साहित्य, सङ्गीत, भाषा, नाटक जस्ता विधाहरूको संरक्षण, विकास र प्रवर्द्धन सहित श्रव्यदृश्य सामाग्रीको सङ्कलन तथा निर्माण गरिनेछ ।

१३२. महानगरपालिका भित्रका लोपोन्मुख भाषा, लिपि, कला र संस्कृति लगायत विभिन्न जातजातिका मौलिक पक्षको जगेर्ना गरी सांस्कृतिक पर्यटन विकासमा जोड दिइनेछ । पोखरा प्रज्ञा प्रतिष्ठानको प्रभावकारी सञ्चालनमा विशेष योजना तय गरी अघि बढाइनेछ । पोखेली प्रतिभाहरूलाई सम्मान गर्ने **पोखरेली नवरत्न सम्मान** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३३. प्राज्ञिक क्षेत्रसँगको सहकार्यमा विभिन्न कार्यक्रम तय गरि पोखरामा नाटक तथा रङ्गमंचको प्रवर्द्धनलाई टेवा पुर्‍याउने नीति लिईने छ । कवि शिरोमणि लेखनाथ जन्मस्थान, धर्मराज थापा, अलिमिया, सरोज गोपाल बज्राचार्य लगायत साहित्य र सङ्गीत क्षेत्रका दिग्गज स्रष्टाहरूको सम्मानमा भौतिक निर्माणसँगै प्राकृतिक, सांस्कृतिक तथा साङ्गीतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।



CS CamScanner

**स्वास्थ्य सेवा तर्फ :**

१३४. महानगरका सबै वडाहरूबाट निःशुल्क, सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । नेपाल सरकारले निःशुल्क वितरणका लागि तोकेका औषधी तथा स्वास्थ्य सामाग्री नियमित आपूर्तिको सुनिश्चितता गरिनेछ । महानगर भित्र प्रत्येक वर्ष पूर्ण खोप सुनिश्चितता गरिनेछ ।

१३५. कोभिड-१९, डेंगू लगायतका सरुवा रोग लगायत महामारी नियन्त्रण तथा रोकथाम गर्न संस्थागत क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी कार्यक्रम सञ्चालन गरिनेछ । जनसंख्या, भूगोल र सेवा उपलब्धताको आधारमा स्वास्थ्यसंस्थाहरुको पुनर्संरचना गरी उपचारात्मक, प्रवर्द्धनात्मक तथा निन्दात्मक सेवाको विस्तार गरिनेछ ।

१३६. सामुदायिक स्वास्थ्य कार्यक्रम मार्फत अशक्त, दिर्घरोगी तथा सुत्केरी महिलाहरूलाई घरमै गई स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । नसर्ने रोगहरूको बढ्दो समस्यालाई समाधान गर्न ४० वर्ष माथिका सबै नगरबासीहरुलाई कम्तीमा वर्षको एक पटक नसर्ने रोग सम्बन्धी स्क्रीनिङ, परामर्श, उपचार र प्रेषण सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१३७. महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर रोकथामका लागि प्राथमिकताका साथ तोकिएका स्वास्थ्य संस्थाहरूबाट नियामित रुपमा निःशुल्क स्क्रिनसङ तथा सचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । महानगर अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट दिइने सेवाको विवरणलाई डिजिटल प्रविधिसँग जोडिनेछ । आधुनिक उपकरणहरुको माध्यमबाट प्रराराम्भिक स्वास्थ्य परिक्षण गराउने नीति लिईने छ ।

१३८. शिशुवा अस्पतालमा विशेषज्ञ सेवा थप गर्नुका साथै गैर नाफामूलक संस्था सँगको सहकार्यमा डायलसिस सेवा सञ्चालन गरिने छ । महानगरपालिकाद्धारा सञ्चालित शिशुवा अस्पतालको आधुनिकीकरण सहित मेट्रो अस्पतालको रूपमा विकास गरिनेछ । आपत्कालीन अवस्थामा विशेषज्ञ सहितको आधुनिक तथा एकिृकत एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

१३९. निजी स्वास्थ्य संस्था र अस्पतालहरुसँगको सहकार्यमा सबै वडाहरूमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ । महानगर अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा आधारभुत स्वास्थ्य परीक्षणको लागि आवश्यक प्रयोगशाला व्यवस्थापन गरिनेछ ।

१४०. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवाको मूलधारमा एकीकरण गरिनेछ । समुदायको सहभागितामा योगाभ्यास र स्थानीय जडीबुटीहरूको उत्पादन, प्रशोधन, प्रयोग, प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ । अभियानका रुपमा योग केन्द्र स्थापना र संचालनमा प्रोत्साहन गरिनेछ ।

१४१. मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी मनोसामाजिक परामर्श, उपचार तथा प्रेषण प्रणालीको स्थापना गरिनेछ । त्यसका लागि चिकित्सक सहितका स्वास्थ्य संस्थाहरूमा परामर्शदाताको व्यवस्था गरी समुदायस्तरमा मानसिक स्वास्थ्य समस्या समाधान सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१४२. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा तरकारी, फलफूल लगायतका खाद्यपदार्थमा हुने मिसावट तथा विषादी प्रयोगको नियमन र नियन्त्रण गरिनेछ । संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा निजी स्वास्थ्य संस्था तथा औषधी पसलहरुको नियमनलाई



CS CamScanner

प्रभावकारी बनाइनेछ । सबै अस्पतालहरूमा विपन्न नागरिकहरूका लागि १० प्रतिशत शय्या निःशुल्क गर्नुपर्ने कानुनी व्यवस्थालाई कडाईका साथ लागु गराइने छ ।

१४३. महिला स्वास्थ्य स्वयमसेविकाहरुको पहिचान तथा स्वाभिमान उच्च हुने गरी विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ । महिला स्वास्थ्य स्वयमसेविकाले पुर्याएको योगदानको कदर गर्दै क्षमता अभिवृद्धि लगायतका तालिमहरु संचालन गरिनेछ । गरिब तथा विपन्न र सीमान्तकृत वर्गका परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।

अन्त्यमा

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण नगर सभासद ज्यूहरू, नगर स्थित क्रियाशील राजनीतिक दलहरू, नगरवासी आमाबुबा दाजुभाइ तथा दिदीवहिनीहरु, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू लगायत सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, विकास साझेदार, सहयोगी संघ संस्था र निजीक्षेत्र प्रति पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग रहने छ भन्ने, विश्वास व्यक्त गर्दछु । धन्यवाद ।

जय पोखरावासी,

जय पोखरा महानगरपालिका ।

धनराज
आचार्य
प्रमुख
पोखरा महानगरपालिका

मिति : २०८० आषाढ १० गते आइतबार ।



CS CamScanner